# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बज्रवाराही, ललितपुर
वागमती प्रदेश, नेपाल

फोन नं. ०१-५५७२५९२


पत्र संख्याः ०७७/७८
चलानी नं. ४१७८

मिति : २०७८/०१/१२

विषय : **कार्यपालिका बैठकको निर्णय कार्यान्वयन एवं जग्गा खण्डिकरण तथा प्लटिङ गर्ने कार्य बन्द गर्ने/गराउने सम्बन्धमा ।**

**श्री वडाध्यक्षज्यूहरू/वडाकार्यालय**
**वडा नं. १ देखि १४**
**गोदावरी नगरपालिका**

प्रस्तुत विषयमा यस गोदावरी नगरपालिका क्षेत्रभित्र व्यापक रूपमा डोजर लगाई जग्गा सम्याउने, खण्डिकरण तथा प्लटिङ गर्ने कार्यहरू भइरहेको भन्ने जनगुनासोका आधारमा मिति २०७७ चैत्र १० गते बसेको नगर कार्यपालिका बैठकले **'डोजर लगाई जग्गा सम्याउने तथा प्लटिङ गर्ने कार्यहरू कडाइका साथ बन्द गर्ने/गराउने'** भनी निर्णय गरेको व्यहोरा विदितै छ । उक्त निर्णय एवं कार्यान्वयनकै दौरानमा हाल पछिल्ला दिनहरूमा केही वडाक्षेत्रहरूमा अझै पनि त्यस्ता जग्गा खण्डिकरण एवं प्लटिङ गर्ने कार्यहरू बन्द नभएको भन्ने बुझिन आएकोले पुनः मिति २०७७ वैशाख ०७ गते बसेको नगर कार्यपालिका बैठकबाट सो सम्बन्धमा **सत्य तथ्य छानविन तथा अनुगमनको लागि समिति गठन** भएको निर्णय यसै पत्रसाथ संलग्न गरी कार्यान्वयनका साथै निर्णय बमोजिम जग्गा खण्डिकरण एवं प्लटिङ गर्ने कार्य अविलम्ब बन्द गर्न/गराउनुहुन समेत अनुरोध छ ।

... ... ... ... ... ... ... ...
(गजेन्द्र महर्जन)
**नगर प्रमुख**

गजेन्द्र महर्जन
नगर प्रमुख

**बोधार्थ :**
१. श्री राजश्व शाखा, गोदावरी नगरपालिका ।

# बैठक नं. ११

आज मिति २०७७ चैत्र १० गते मंगलबार दिनको १:३० बजे गोदावरी नगरपालिकाका नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| | | |
|---|---|---|
| अध्यक्ष - श्री गजेन्द्र महर्जन | नगरप्रमुख | |
| सदस्य - श्री मुना अधिकारी | उप-प्रमुख | |
| सदस्य - श्री हरिहर कार्की | वडाध्यक्ष वडा नं. १ | |
| सदस्य - श्री देवेन्द्र कुमार बस्नेत | वडाध्यक्ष वडा नं. २ | |
| सदस्य - श्री बालमुकुन्द घिमिरे | वडाध्यक्ष वडा नं. ३ | |
| सदस्य - श्री मुकुन्द बहादुर ,पहरी | वडाध्यक्ष वडा नं. ४ | |
| सदस्य - श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं. ५ | |
| सदस्य - श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं. ६ | |
| सदस्य - श्री गिरि प्रसाद तिमिल्सिना | वडाध्यक्ष वडा नं. ७ | |
| सदस्य - श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं. ८ | |
| सदस्य - श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं. ९ | |
| सदस्य - श्री दर्शन कुमार बिष्ट | वडाध्यक्ष वडा नं. १० | |
| सदस्य - श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं. ११ | |
| सदस्य - श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं. १२ | |
| सदस्य - श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं. १३ | |
| सदस्य - श्री जगनाथ महर्जन | वडाध्यक्ष वडा नं. १४ | |
| सदस्य - श्री सीता तिमिल्सिना | कार्यपालिका सदस्य | |
| सदस्य - श्री लक्ष्मी परियार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री बिन्दु तामाङ | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मीठु परियार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मैया के.सी. (खत्री) | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मोहनबहादुर नगरकोटी | कार्यपालिका सदस्य | |
| सदस्य - श्री सरोज दनुवार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री लक्ष्मी बहादुर नगरकोटी | कार्यपालिका सदस्य | |
| सदस्य सचिव - श्री वीरेन्द्रदेव भारती | प्रमुख प्रशासकीय अधिकृत | |

**एजेण्डाः**

१. आवधिक योजना सम्बन्धमा ।

२. चालु आर्थिक वर्षको योजना सम्बन्धमा ।

३. विविध ।

**निर्णय नं. १ आवधिक योजना सम्बन्धमाः** छलफल हुँदा यस गोदावरी नगरपालिकाको आवधिक योजना तथा कार्यक्रमको लागि पेश भएको आवधिक योजना प्रतिवेदन अध्ययनगरी आवश्यक सल्लाह, सुझाव सहित स्वीकृतिका लागि आगामी कार्यपालिका बैठकमा पेश गर्न श्री बालमुकुन्द घिमिरेज्यूको संयोजकत्वमा ८ सदस्यीय तपसिल बमोजिमको प्रतिवेदन अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

श्री बालमुकुन्द घिमिरे - संयोजक

श्री दर्शन कुमार बिष्ट - सदस्य

श्री सिता तिमिल्सिना - सदस्य

श्री बिष्णुमान महर्जन - सदस्य

श्री आत्मराम थापा - सदस्य

श्री भाष्कर थापा - सदस्य

श्री बिन्दु तामाङ - सदस्य

श्री सिता तिमिल्सिना - सदस्य

**निर्णय नं. २ चालु आथिक वर्षको योजना सम्बन्धमाः** छलफल हुँदा यस चालु आर्थिक वर्ष २०७७/०७८ को योजना तथा कार्यक्रम सञ्चालन एवं सम्पन्न गर्न आगामी मिति २०७७ चैत्र मसान्तसम्म मात्र सम्झौता तथा कार्यादेश जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ विविधः**

३.१. हाल नेपाल सरकारले सकुम्बासी तथा दलित भूमिहिनका लागि उचित भूमि उपलब्ध गराउने तथा अब्यवस्थित बस्ती ब्यवस्थापन गर्ने उद्देश्यले स्थानीय तह तथा पालिकाहरूमा लागत सङ्कलन गर्ने गराउने कार्य भइरहेको सन्दर्भमा भूमि प्राप्त गर्ने गलत मनसायले नागरिकहरूले बसाई सराई दर्ता तथा सिफारिस लिन आउने सम्भावनालाई मध्यनजर गर्दै लागत सङ्कलन फाराम भर्ने तथा अद्यावधिक गर्ने समयावधी २०७७ चैत्र मसान्तसम्मको लागि गोदावरी नगरपालिकाको १४ वटै वडाकार्यालयहरूबाट बसाई सराई दर्ता एवं सिफारिस नगर्ने निर्णय गरियो ।

३.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-११ दफा ८३(३)अनुसार प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको अधिकारक्षेत्र विश्लेषण सहित संगठन व्यवस्थापन सर्वेक्षण गरी आवश्यक कार्यविधि बनाई व्यवस्थापन गर्नुपर्ने व्यवस्था बमोजिम श्री प्रोग्रेसिभ इनिसिएटिभ प्रा.लि., गोकर्णेश्वर नगरपालिका वडा नं. ८, काठमाडौंबाट तयार गरी पेश भएको यस गोदावरी नगरपालिकाको प्रशासकीय संगठन र कर्मचारी दरबन्दी तेरिजको पुनरावलोकन तथा O & M सर्भे अद्यावधिक प्रतिवेदन यस नगरपालिकाको सु-शासन समितिद्वारा आवश्यक छलफल तथा अध्ययन गरी स्वीकृतिका लागि आगामी कार्यपालिका बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

३.३. यस गोदावरी नगरपालिकाको नगरसभाबाट स्वीकृत कार्यविधि अनुसार कागज प्रमाण पुऱ्याई 'घ' वर्गको इजाजतको लागि गोदावरी नगरपालिका वडा नं. १२ स्थित **शनिदेव निर्माण सेवा**का सञ्चालक दिपक कार्कीले पेश गरेको कागजात आवश्यक प्रमाण प्रक्रिया एवं योग्यता पुगेको भनी सम्बन्धित समितिबाट समेत सफिारिस भई आएकोले 'घ' वर्गको निर्माण व्यवसाय इजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो ।

३.४. यस गोदावरी नगरपालिका अन्तर्गतको बिभिन्न वडाक्षेत्रमा घर-घडेरी सम्याउने बहानामा बिक्री बितरण गर्ने उद्देश्यका साथ व्यापक रूपमा डोजर लगाई जग्गा सम्याउने तथा प्लटिङ गर्ने कार्यहरू भइरहेकको भन्ने बुझिन आएकोले कडाइका साथ त्यस्ता जग्गा सम्याउने तथा प्लटिङ गर्ने कार्य बन्द गर्ने/गराउने निर्णय गरियो ।

३.५. यस गोदावरी नगरपकिाल वडा नं. ३ गोदावरी स्वास्थ्यचौकीको आफ्नै कार्यालय भवन नभएकोले सेवाग्राहीलाई २४ घण्टे आकस्मिक एवं मातृ शिशु लगायतको स्वास्थ्य सेवा प्रवाहमा अत्यन्तै कठिन भएकोले गुणस्तरीय स्वास्थ्य सेवाको लागि स्वास्थ्यचौकी भवन निर्माण गर्न अत्यावश्यक भएकोले किटीनी स्थित साविक गोदावरी वडा नं. ६ कित्ता नं. २२७ क्षेत्रफल ५-०-०-० को सार्वजनिक जग्गमा स्वास्थ्यौकी भवन निर्माण गर्न वडाकार्यालय वडा नं. ३ बाट भई अएको सिफारिस बमोजिम उपरोक्त कित्ता नं. २२७ क्षेत्रफल ५-०-०-० को सार्वजनिक जग्गामा स्वास्थ्यचौकी भवन निर्माण गर्न सहमति सहित सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

३.६. गत वर्षको चैत्र महिनाबाट बिश्वब्यापी रूपमा फैलिएको कोरोना महामारीको जोखिम न्यूनिकरण गर्न Isolation वार्ड निर्माणको लागि हाल सञ्चालनमा रहको यस गोदावरी नगरपालिका बज्रवाराही चापागाउँ अस्पतालमा तल्ला थप सहित ट्रस्ट निर्माण भएको र सो बापतको रकम रू.३५,००,०००/- लाख यस चालु आर्थिक वर्ष २०७७/०७८ को नगरस्तरीय-८०३३४४०११०१ बजेट संकेत नं. २५७ खर्च शीर्षक नं. २७२१२ क.सं. ९९ बिपद व्यवस्थापन-अन्य विविध उपशीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

# बैठक नं. १२

आज मिति २०७८ वैशाख ०७ गते मंगलबार दिनको २:०० बजे गोदावरी नगरपालिकाका नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| | | |
|---|---|---|
| अध्यक्ष - श्री गजेन्द्र महर्जन | नगरप्रमुख | |
| सदस्य - श्री मुना अधिकारी | उप-प्रमुख | |
| सदस्य - श्री हरिहर कार्की | वडाध्यक्ष वडा नं. १ | |
| सदस्य - श्री देवेन्द्र कुमार बस्नेत | वडाध्यक्ष वडा नं. २ | |
| सदस्य - श्री बालमुकुन्द घिमिरे | वडाध्यक्ष वडा नं. ३ | |
| सदस्य - श्री मुकुन्द बहादुर पहरी | वडाध्यक्ष वडा नं. ४ | |
| सदस्य - श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं. ५ | |
| सदस्य - श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं. ६ | |
| सदस्य - श्री गिरि प्रसाद तिमिल्सिना | वडाध्यक्ष वडा नं. ७ | |
| सदस्य - श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं. ८ | |
| सदस्य - श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं. ९ | |
| सदस्य - श्री दर्शन कुमार बिष्ट | वडाध्यक्ष वडा नं. १० | |
| सदस्य - श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं. ११ | |
| सदस्य - श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं. १२ | |
| सदस्य - श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं. १३ | |
| सदस्य - श्री जगनाथ महर्जन | वडाध्यक्ष वडा नं. १४ | |
| सदस्य - श्री सीता तिमिल्सिना | कार्यपालिका सदस्य | |
| सदस्य - श्री लक्ष्मी परियार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री बिन्दु तामाङ | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मीठु परियार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मैया के.सी. (खत्री) | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मोहनबहादुर नगरकोटी | कार्यपालिका सदस्य | |
| सदस्य - श्री सरोज दनुवार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री लक्ष्मी बहादुर नगरकोटी | कार्यपालिका सदस्य | |
| सदस्य सचिव - श्री वीरेन्द्रदेव भारती | प्रमुख प्रशासकीय अधिकृत | |

**एजेण्डा:**

१. जग्गा खण्किरण सम्बन्धमा ।

२. नगरप्रहरी सम्बन्धमा ।

३. विविध ।

**निर्णय नं. १ जग्गा खण्डिकरण सम्बन्धमाः** छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्र व्यापक रूपमा डोजर लगाई जग्गा सम्याउने, खण्डिकरण तथा प्लटिङ गर्ने कार्यहरू भइरहेको भन्ने जनगुनासो आइरहेकोले त्यस्ता कार्यहरू नगरपालिका वा मातहतका वडाकार्यालयहरूबाट स्वीकृति लिएको वा नलिएको नियमानुसारको राजश्व, कर दस्तुर बुझाएको वा नबुझाएको लगायत आवश्यक प्रक्रिया पूरा गरेको वा नगरेको साथै निजी वा सार्वजनिक कस्तो ठाउँमा डोजर लगाउने एवं खण्डिकरण गर्ने कार्य भइरहेको हो सत्य तथ्य छानबिन, अनुगमन एवं निरीक्षणको गर्नको लागि प्राविधिक सहितको नगर उपप्रमुखज्यूको संयोजकत्वमा तपसिल बमोजिमको प्लटिङ्ग अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिलः**

श्री मुना अधिकारी उपप्रमुख - संयोजक

सम्बन्धित वडाका वडाध्यक्ष - सदस्य

राजश्व शाखा प्रमुख - सदस्य

घर नक्सा शाखा प्रमुख -

अमिन - सदस्य

इन्जिनयर/प्राविधिक - सदस्य

त्यसैगरी जग्गा खण्डिकरण तथा प्लटिङ्ग मापदण्ड निर्माण गर्न अपरिहार्य देखिएकोले ७ दिन भित्र प्रतिवेदन तयार गरी पेश गर्ने गरी श्री बालमुकुन्द घिमिरेज्यूको संयोजकत्वमा तपसिल बमोजिमको ३ सदस्यीय समिति गठन गर्ने पनि आजको यस बैठकबाट निर्णय गरियो ।

**तपसिल :**

श्री बालमुकुन्द घिमिरे - संयोजक

श्री विजय सिल्वाल - सदस्य

श्री गणेश आचार्य - सदस्य

**निर्णय नं. २ नगरप्रहरी सम्बन्धमाः** छलफल हुँदा यस नगरपालिका कार्यालयबाट प्रवाह हुने सेवा, राजश्व अभिवृद्धि, तथा पारदर्शी एवं गुणस्तरीय कार्यसम्पादनका लागि केही थप नगरप्रहरी जनशक्तिको आवश्यक देखिएकोले नेपाल सरकार, नेपाल प्रहरीको मापदण्ड तथा नगरप्रहरी करार कार्यविधि बमोजिम विभिन्न तहमा १२ जना पुरूष र ३ जना महिला नगरप्रहरीहरू करारमा लिने निर्णय गरियो ।

**निर्णय नं. ३ विविधः**

३.१. बिगत मिति २०७७ सालको चैत्रदेखि मित्रराष्ट चिनको उहानबाट शुरू भएको COVID-19 कोरोना महामारीको संक्रमणले हालनयाँ-नयाँ स्वरूप एवं लक्षण सहित अझ घातक र व्यापक रूपमा दिनदिनै संक्रमितको संख्यामा बृद्धि भइरहेको अवस्थामा संक्रमण तथा जोखिम न्यूनिकरणका लागि यस नगरपालिकाको पूर्व गठित कन्टयाक्ट ट्रेसिङ टिमलाई सक्रियताका साथ परिचालन गरी पहिचान भएका संक्रमितहरूलाई सकेसम्म Home Isolation मा निगरानी सहित व्यवस्थापन गर्ने र गम्भिर एवं जटिल किसिमका संक्रमितलाई यस नगरपालिका अन्तर्गतको बज्रवाराही चापागाउँ अस्तालको Isolation Ward बाट थप उपचार एवं आवश्यक व्यवस्थापनको लागि सिफारिस गर्ने निर्णय गरियो ।

३.२. पछिल्लो दिनमा देखिएको कोरोना भाइरसको सक्रियतालाई मध्यनजर गर्दै एवं नेपाल सरकारको निर्णय समेतलाई अनुसरण गर्दै यस गोदावरी नगरपालिका अन्तर्गतको निजी, सामुदायिक लगायत

सबै विद्यालयहरूलाई मिति २०७८ वैशाख १५ गते सम्ममा शैक्षिक क्रियाकलाप तथा Schedule बमोजिमको परिक्षा सम्पन्न गराई वैशाख १६ गतेबाट अर्को निर्णय नभएसम्मका लागि विद्यालयहरूमा भौतिक रूपमा विद्यार्थी/बालबालिकाहरू भेला गराई पठन पाठन गर्ने गराउने कार्य बन्द गराउने निर्णय गरियो ।

३.३. स्वास्थ्य, शिक्षा, खेलकुद तथा साँस्कृतिक जगेर्ना एवं प्रवर्द्धनलाई विशेष महत्व दिँदै बजेट विनियोजन एवं नीति तथा कार्यक्रम प्रस्तुत गर्ने यस गोदावरी नगरपालिकाले नगरसभाबाट पारित योजना तथा कार्यक्रमहरूका साथसाथै तात्कालिन आवश्यकता र औचित्य बमोजिम अतिरिक्त क्रियाकलाप एवं कार्यक्रमहरू पनि सञ्चालन गर्दै जाने सन्दर्भमा कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेश हुन आएका तपसिलमा उल्लेखित कार्यक्रम एवं सम्बन्धित संस्थाको लागि निम्न अनुसार **कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च-८०३३४४०१२१५** बजेट संकेत नं. ३३ खर्च शीर्षक नं. २२७११ **आन्तरिक श्रोत** क्र.सं. ३१ **विविध खर्च** उपशीर्षकबाट आवश्यक र उचित बजेट रकम उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिलः**

१. बृहत राष्ट्रिय क्योकुशिन काई कराते प्रतियोगितामिति २०७८ बैशाख २४ र २५ गते ठेचो, ललितपुर (ठेचो फेडेरेसन इन्टरनेशनल कराते क्योकुशिनकाई क्लब) - रू.२ लाख ।

२. प्रथम प्रदेश स्तरीय तथा राष्ट्रब्यापी कराते प्रतियोगिता मिति २०७८ बैशाख १७ र १८ गते प्याङगाउँ चौर (बज्रवाराही सो क्योकुशिन डोजो) - रू.२ लाख ।

३. प्रथम राष्ट्रिय मेयरकप तेक्वान्दो प्रतियोगिता २०७८ (नेपाल तेक्वान्दो संघ प्रदेश नं. ३) - रू.२ लाख ।

४. गोदावरी मयेरकप फुटबल प्रतियोगिता (टु स्टकार क्लब) - रू.२ लाख ।

३.४. गोदावरी नगरपालिका वडा नं. ३ स्थित लाकुरीको बोट नहरमा बसोबास गर्दै आएका करिब २०-३० घरपरिवारलाई किरियापुत्री टहराको अभावको कारण बर्षातको समयमा झनै समस्या रहेकोले उक्त लाकुरीको नहरस्थित किरियापुत्री भवन निर्माणको लागि रकम रू.२ लाख ब्यवस्था गरिदिनु भनी वडाकार्यालय वडा नं. ३ बाट भई आएको सिफारिस मुताविक **कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च - ८०३३४४०१२१५** बजेट संकेत नं. ३३ खर्च शीर्षक नं. २२७११ **आन्तरिक श्रोत** क्र.सं. ३१ **विविध खर्च** उपशीर्षकबाट उपशीर्षकबाट रकम रू.२ लाख उपलब्ध गराउने निर्णय गरियो । त्यसैगरी सोही वडाको नहरटोल स्थित प्रहरी बिट अगाडिको नहरबासीहरू आवत-जावत गर्ने बाटो तत्काल ढलान तथा मर्मत सम्भार नगरे कुनै पनि समयमा दुर्घटना हुन सक्ने जोखिम रहेको भनी वडाकार्यालयबाट रू.२ लाख बजेट विनियोजन गरी बाटो ढलान तथा मर्मतको लागि भई आएको माग सिफारिस बमोजिम उपरोक्त **विविध खर्च** उपशीर्षकबाट रू.२ लाख उपलब्ध गराउने समेत निर्णय गरियो ।

३.५. नेपाल सरकारको औद्योगिक ग्रामको नीति तथा कार्यक्रम बमोजिम यस गोदावरी नगरपालिका वडा नं. ८ डुकुछाप स्थित साविक डुकुछाप २ग कित्ता नं. २१ क्षेत्रफल ५४-१३-०-० को सार्वजनिक जग्गामा उक्त **औद्योगिक ग्राम सञ्चालन**को लागि उपयुक्त हुने भनी सम्बन्धित निकायमा सिफारिसको लागि वडाकार्यालय वडा नं. ८ बाट प.सं. ०७७/७८ चं.नं. १३७४ मिति २०७८/०१/०७ मा भई आएको सिफारिस बमोजिम उपरोक्त सार्वजनिक जग्गामा सो **औद्योगिक ग्राम कार्यक्रम सञ्चालन**को सहमति सहित सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

३.६. यस गोदावरी नगरपालिकाको नगरसभाबाट स्वीकृत कार्यविधि अनुसार कागज प्रमाण पुऱ्याई 'घ' वर्गको इजाजत पाउँ भनी **स्कन्द निर्माण सेवा**, गोदावरी नगरपालिका वडा नं. ६ प्रोप्राइटर राजन कुमार डोटेलका तर्फबाट आवश्यक कागजात एवं योग्यता सहित सम्बन्धित समितिबाट समेत सफारिस भई आएकोले 'घ' वर्गको निर्माण व्यवसाय इजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो ।

३.७. यस गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) - ८०३३४४०१५११ बजेट संकेत नं. ११३ खर्च शीर्षक नं. २२५२२ क्र.सं. ७१ **घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर सञ्चालन** उपशीर्षकमा विनियोजन भएको रकमबाट यस गोदावरी नगरपालिका **पञ्जिकरण शाखाद्वारा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी दर्ता शिविर** सञ्चालनका लागि थप आवश्यक कार्यप्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

३.८. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं. २०७६/०७७ च.नं. १६/स्वास्थ्य/१२२ र १२३ मिति २०७६/०७/०५ को पत्र एवं यसै नगपालिका अन्तर्गत चापागाउँ आर्युर्वेद औषधालय र विशंखुनारायण आर्युर्वेद औषधालयमा कार्यरत तपसिलमा उल्लेखि कर्मचारीहरूले पदस्थापनको लागि दिनु भएको निवेदन अनुसार निजहरूलाई तत् पद तथा तत् तत् औषधालयहरूमा पदस्थापन गर्ने निर्णय गरियो ।

**तपसिलः**

**समायोजन भएका कर्मचारीहरूः**

| क्र.सं. | नाम/थर | हालको पद/श्रेणी र तह | समायोजन भएको श्रेणी पद र तह | पदस्थापन गर्नुपर्ने कार्यालय |
|---|---|---|---|---|
| १ | श्री दुर्गा गौतम खनाल (क.सं.नं.१३९३१९) | कविराज निरीक्षक-छैठौं | कविराज निरीक्षक-छैठौं | गोदावरी चापागाउँ आर्युर्वेद औषधालय |
| २ | श्री इन्दिरा कुमारी पण्डित (क.स.नं. १३६५४७) | कविराज निरीक्षक-छैठौं | कविराज निरीक्षक-छैठौं | गोदावरी बिशंखुनारायण आर्युर्वेद औषधालय |

३.९. यस गोदावरी नगरपालिका उद्योग तथा सहकारी शाखाबाट तयार भएको गोदावरी नगरपालिका सहकारी नियमावली मस्यौदाको आवश्यक संशोधन सम्पादन लगायतको कार्य गरे बापत सहकारी विज्ञ श्री केशव बहादुर थापालाई पारिश्रमिक स्वरूप रू.२५,०००/- उपलब्ध गराउने भनी सहकारी शाखाबाट भई आएको प्रस्ताव बमोजिम गोदावरी नगरपालिका-सहकारी-८०३३४४०१३०५ बजेट संकेत नं. ९ खर्च शीर्षक नं. २२५२२ क्र.सं. ४ निर्माण व्यवसायी (घ) वर्ग इजाजत पत्र वितरण वैठक/सहकारीका महत्वपूर्ण सवालमा वैठक/आर्थिक विकास सिमित बैठक उपशीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

३.१०. बैकल्पिक सूचीमा रहेका सूचीकृत बेरोजगारहरूलाई रोजगारीमा खटाउने सन्दर्भमा यस गोदावरी नगरपालिका वडा नं. ३ वडाकार्यालयबाट प्राथमिकतामा परेका जम्मा १० जना बेरोजगारहरूलाई काममा खटाउन रू.५,१७,०००/- बजेट समेत बिनियोजन भएकोमा सोही ३ नं. वडाकार्यालयबाट फाराम भरी बैकल्पिक सूचीमा रहेका ४६ जना बेरोजगारहरू समेतलाई उक्त बिनियोजित

बजेटबाट नै रोजगारी दिन सिफारिस भई आएकोले बैकल्पिक सूचीकृत बेरोजगारहरू समेतलाई रोजगारीमा खटाउने निर्णय गरियो ।